आर्थिक वर्ष २०८२।०८३ को

# वार्षिक बजेट तथा कार्यक्रम

गन्यापधुरा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम

## गन्यापधुरा गाउँपालिका

गणेशपुर, डडेल्धुरा

२०८२

www.ganyapadhuramun.gov.np

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

कार्की

## गन्यापधुरा गाउँपालिकाको आ. व. २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम

**आदरणीय सभाध्यक्ष महोदय,**

१. गन्यापधुरा गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँ सभाको बिसौं अधिवेशनमा गन्यापधुरा गाउँपालिकाको आगामी आर्थिक वर्ष आ. व. २०८२।०८३ को बजेट प्रस्तुत गरिरहँदा मैले गौरव महशुस गरेको छु। विभिन्न काल खण्डहरुमा नेपाली जनताले गरेका बलिदानीपूर्ण जनआन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभूति गरिरहेका छन्। यस गौरवपूर्ण अवसरमा अहिले सम्मका जन आन्दोलन लगायतका सबै संघर्षहरुमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै घाईते नागरिकहरु प्रति सम्मान प्रकट गर्दछु।

२. राजनीतिक रुपमा नेपालले ऐतिहासिक फड्को मारेको अवस्थामा स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्न हुने वातावरण बनेको छ। अब यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहाना अनुरुप अबको हाम्रो बाटो भनेको जनताको जीवनमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउनु हो।

३. गन्यापधुरा गाउँपालिकाको विकास सर्वाङ्गीण विकासको ढाँचामा अघि बढि रहेको छ। सबै गाउँपालिकावासी जनताको लागि मर्यादित काम, न्युनतम खाद्य सुरक्षा, आधारभुत शिक्षा, आधारभुत स्वास्थ्यको सुविधा, खानेपानीको आपूर्ति र आवास जस्ता अत्यावश्यक आवश्यकताहरुको उपलब्धता गराउनु गाउँपालिकाको प्रमुख ध्येय रहेको छ।

४. चालु आर्थिक वर्षका लागि गन्यापधुरा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट सुशासन, विकास र समृद्धिको दरिलो आधारशिला निर्माण भई आर्थिक वृद्धि, गरिवी निवारण, रोजगारीका अवसर तथा नागरिकको जीवनस्तरमा त्यसको प्रतिफल देखिन थालेको छ। सबै नागरिकका लागि रोजगार सेवा केन्द्र मार्फत काम र रोजगारीका अवसर सिर्जना, आधारभुत शिक्षा तथा प्राथमिक स्वास्थ्य सेवामा पहुँच र सामाजिक सुरक्षाको व्यवस्था सुनिश्चित हुदै गएको छ।

५. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घीय सरकार एवं सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त निर्देशन र मार्गदर्शन गाउँसभा सदस्यज्यूहरुले दिनु भएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिईएको छ। गाउँपालिकाका राजनीतिक दल, संघ संस्था, बुद्धिजीवी वर्ग, नागरिक समाज र आम गाउँपालिकावासी दाजुभाई दिदी बहिनीहरुबाट प्राप्त सुझावहरुलाई समेत ध्यान दिईएको छ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म गाउँपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिको बारेमा संक्षिप्त जानकारी गराउन अनुमति चाहन्छु।

१. यस गाउँपालिकाले चालु आर्थिक वर्षमा कुल बजेट सीमा संशोधन सहित रु. **४५,०१,३७,९२८.४३। (अक्षेरेपी पैतालिस  करोड एक लाख सैतीस हजार नौ सय अट्ठाइस रुपैया त्रिचालिस पैसा मात्र**) हुन आउँछ। गाउँपालिकाको कुल बजेट मध्ये चालुतर्फ **रु.२८,७०,२५,६४२.४३।- (अक्षेरेपी अट्ठाइस करोड सत्तरी लाख पच्चीस हजार छ सय बयालिस रुपैया त्रिचालिस पैसा मात्र**) र पुंजीगततर्फ रु. **१६,३१,१२,२८६।- (अक्षेरेपी सोह्र करोड एकतीस लाख बाह्र हजार दुई सय छयासी मात्र**) विनियोजन गरिएको थियो र सोही अनुरुप खर्च हुने अपेक्षा गरिएको छ। यस गाउँपालिकाले आन्तरिक राजश्वको लक्ष्य ५२ लाख लिएकोमा लक्ष्य सम्म राजश्व संकलन हुने अनुमान रहेको छ।

२. गाउँसभा र गाउँ कार्यपालिकाबाट ९३ वटा कानून निर्माण भई कार्यान्वयनमा आउँदा गाउँपालिकाका हरेक कार्यलाई सहज र सुलभ तरिकाले सम्पन्न गराइ संविधानको मर्म अनुरुप विधिवत कानुनको शासन स्थापनाको मार्गमा गाउँपालिका अग्रसर रहेको छ।

८. यस गाउँपालिकामा हालसम्म आइपुग्दा भौतिक तथा पूर्वाधार विकासमा उल्लेख्य प्रगति गरेको छ, जसअनुरुप प्रत्येक गाउँ बस्तीमा सडक, विद्युत तथा खानेपानी पुगेको अवस्था छ।

९. गाउँपालिकाद्वारा कृषि विकासको क्षेत्रमा गरेको प्रयासलाई सराहनीय मान्न सकिन्छ, कृषि क्षेत्रमा आवद्ध कृषकहरुका लागि विभिन्न किसिमका तालिम तथा सचेतना र अन्तरक्रिया कार्यक्रम, निःशुल्क एवम् अनुदानमा उन्नत जातको आलुको बिउ, तरकारी, च्याउ तथा फलफूलको बिउबिरुवा वितरण, सहुलियत दरमा आधुनिक कृषि औजारको वितरण, पशु नश्ल सुधार कार्यक्रम जस्ता कार्यक्रम संचालन भएकाले कृषि क्षेत्र आधुनिकीकरण र व्यवसायीकरणतर्फ अगाडि बढेको छ।

१०. यस गाउँपालिकाद्वारा जनताको स्वास्थ्यसँग सम्बन्धित कुरालाई उच्च प्राथमिकताका साथ राखेको छ। यस कार्यका लागि भएका स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार सुधार मार्फत सुविधा सम्पन्न बनाइएको छ, भने ती स्थानहरुमा दक्ष स्वास्थ्यकर्मीको पनि उपलब्धता रहेको छ। हरेक गाउँ-गाउँमा स्वास्थ्य सविधा पुर्‍याउनका लागि सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिएको छ। सबै स्वास्थ्य संस्थाहरुमा पर्याप्त मात्रामा औषधीको व्यवस्था हुनुका साथै आवश्यक ल्यावहरुको पनि स्थापना गरिएको छ।

१३. गाउँपालिकामा सुशासन तथा सदाचारिता अभिवृद्धि गर्नका लागि गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता पारित गरी जारी गरिएको, जनप्रतिनिधि र कर्मचारीको तर्फबाट ३१ बुँदे प्रतिबद्धता जाहेर गरी सार्वजनिक गरिएको, गाउँपालिकाका प्रवक्ता तोकिएको, त्यस्तै कार्यालयको कामकाजमा सहज होस् भन्नका लागि सुचना अधिकारीको व्यवस्था, गुनासो सुन्ने अधिकारी तथा Gesi Focal Person को व्यवस्थाका, सुझाव पेटिकाको व्यवस्था, नागरिक वडापत्रको व्यवस्था, गाउँपालिकाको आफ्नै वेभसाइट, फेसबुक मार्फत कामकारवाही सार्वजनिक गर्ने प्रणालीको विकास भएको छ।

१४. गाउँपालिका र जनताको सम्बन्धमा सुधार आएको छ, जनताले आफ्ना गुनासाहरु जनप्रतिनिधिसँग राख्न सक्ने भएका छन् र त्यस्ता गुनासा तथा समस्याको सुनुवाइ पनि तत्काल हुने गरेको छ, यस कार्यलाई अझै प्रभावकारी बनाउनका लागि सबैका मनमा मेरो गाउँपालिका भन्ने भावनाको बोध हुन आवश्यक छ।

१५. गाउँपालिकाले प्रशासनिक कामकाज हालसम्म भाडाको भवनबाट सञ्चालन गर्दै आइरहेकोमा चालु आ.व. देखि आफ्नै भवनबाट सेवा प्रवाह भइरहेको छ। गाउँपालिकाको सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन गाउँपालिका कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) लाई अद्यावधिक गरिएको छ। गाउँपालिकाको कामकारवाहीलाई व्यवस्थित गर्नका लागि आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा आएको छ।

१६. गाउँपालिकाका ५ नं. वडा कार्यालयको प्रशासकीय भवन निर्माण सम्पन्न भएको छ। गाउँपालिकाको प्रशासकीय भवन र गाउँपालिकाको १० शैया अस्पताल आगामी वर्ष निर्माण सम्पन्न गर्ने गरी काम भइरहेको छ।

१७. आ.व. २०८१।०८२ मा गाउँपालिकाले तर्जुमा गरी गाउँ सभाबाट पारित योजनाहरु र संघ सरकार र प्रदेश सरकारबाट प्राप्त भएका सबै योजनाहरु समयमै सम्पन्न हुने क्रममा छन्।

गन्यापधुरा गाउँपालिका ... कार्यालय

बहादुर कार्की

१८. गाउँपालिकाले विगत वर्षहरुमा झै आफ्नो आन्तरिक आय बृद्धि गर्दै लगेको छ । आन्तरिक आयमा सुधार गर्नका लागि गाउँपालिकाले राजश्व सुधार योजना तयार गरि लागु गरेको छ । आ.व. २०८१।०८२ मा रु. ५२ लाख राजश्व संकलन गर्ने लक्ष्य गाउँपालिकाले राखेकोमा सो लक्ष्यको नजिक पुग्ने अवस्था रहेको छ ।

**आदरणीय अध्यक्ष महोदय,**

**अब म अगामी आर्थिक वर्ष आ. व. २०८२।०८३ को गन्यापधुरा गाउँपालिकाको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

आगामी आर्थिक वर्ष आ. व. २०८२।०८३ को बजेटका मूलभुत उद्देश्यहरु निम्न बमोजिम रहेका छन् :-

क) महामारीको संक्रमण लगायत सबै प्रकारका रोग, प्राकृतिक तथा गैर प्राकृतिक विपद्हरुको रोकथाम, नियन्त्रण तथा न्यूनीकरणमा विशेष ध्यान दिदै गाउँपालिकाका नागरिकको जीवन रक्षा गर्ने ।

ख) कृषिमा आत्मनिर्भरता हासिल गर्न उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा र पोषणको अवस्थामा सुधार ल्याउने ।

ग) लघु उद्यम सम्बन्धी कार्यक्रम, राष्ट्रिय रोजगार कार्यक्रम तथा अन्य कार्यक्रम मार्फत सीपमूलक क्षमता विकास गरी आय आर्जनका साथै रोजगार सिर्जना गरी आत्मनिर्भर बनाउने ।

घ) शिक्षामा सबै बालबालिकाको समान पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने ।

ङ) गाउँपालिकामा आर्थिक,भौतिक तथा सामाजिक पूर्वाधारहरुको निर्माण गरी नागरिकलाई विकासको अनुभूति गराउँदै सुखी,खुशी,समृद्ध र समुन्नत गाउँपालिका बनाउने ।

छ) जनतालाई केन्द्रमा राखी चुस्त, दुरुस्त र प्रभावकारी र प्रविधिमैत्री सेवा प्रवाह गरी सुशासनयुक्त गाउँपालिका निर्माण गर्ने ।

ज) राजश्व संकलनलाई सूत्रबाट व्यवस्थित र पारदर्शिता कायम गर्दै राजस्व चुहावटलाई निर्मूल गरी आन्तरिक राजश्व वृद्धि गर्ने ।

**सभाध्यक्ष महोदय,**

**आगामी आर्थिक वर्षको बजेटको उद्देश्य परिपूर्तिको लागि देहायअनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु :-**

क) आर्थिक रुपमा गरिबीमा रहेका र सामाजिक रुपमा पिछडिएका वर्ग र समुदायका नागरिकलाई तत्काल राहत पुग्ने कार्यक्रमलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

ख) स्वदेशमा र विदेशमा रोजगारी गुमाएका व्यक्तिको आयआर्जन बढाई आत्मनिर्भर बनाउन उनीहरुमा रहेको ज्ञान सीप र क्षमताको प्रयोग गरी कृषि तथा गैरकृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने क्षेत्रमा गाउँपालिका स्तरमा विकासका कार्यक्रमहरु लक्षित गरिएको छ ।

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

...न्द्र बहादुर कार्की

ग) स्थानीय सीप स्रोत र साधनमा आधारित लघु तथा साना उद्योग तथा व्यवसाय प्रवर्धन गरी रोजगारी तथा स्वरोजगारी मार्फत आय आर्जन वृद्धि गर्न सबै क्षेत्रको सहभागितामा विभिन्न किसिमका तालिम तथा सीपमूलक तालिम सञ्चालनलाई प्राथमिकतामा राखिएको छ।

घ) कानूनको शासन, सेवाको प्रभावकारिता, उत्तरदायित्व र विकासमा नागरिक संलग्नता मार्फत नागरिकलाई अनुभूति गरी आफ्नै माटोमा केही गरौं भन्ने सोच भएका नागरिकहरुलाई कृषि क्षेत्रमा अग्रसर गराई कृषि सामग्रीमा अनुदान प्रदान गरी उत्पादनमा वृद्धि गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ।

**आदरणीय अध्यक्ष महोदय,**

अब म यीनै उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको गन्यापधुरा गाउँपालिकाको आर्थिक वर्ष आ. व. २०८२।०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु।

गन्यापधुरा गाउँपालिका पहाडी क्षेत्रमा अवस्थित गाउँपालिका भएको र यस गाउँपालिकामा ठुला कलकारखाना एवम् व्यापार व्यवसाय र ठूला प्राकृतिक स्रोत नभएका कारण तत्काल ठूलो मात्रामा आन्तरिक राजश्व जुटाउने सम्भावना कम रहेकोले नेपाल सरकार एवम् प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजश्व बाडफाँडबाट प्राप्त हुने रकम, सर्शत अनुदान, समपूरक अनुदान, विशेष अनुदान र आन्तरिक आयको रकमलाई आधार मानी प्रस्तुत बजेट तयार गरिएको छ। अब म क्षेत्रगत रुपमा विनियोजन गरिएको बजेट रकम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## सामाजिक विकास तर्फ

### शिक्षातर्फ

१. गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रलाई चलायमान बनाउँदै शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण सहयोग अनुदानका लागि रु. २५ लाख विनियोजन गरेको छु।

२. आर्थिक अभावमा अध्ययन गर्न नसक्ने जेहेन्दार तथा विपन्न विद्यार्थीहरुको लागि गाउँपालिका अध्यक्ष अभिभावकत्व छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु।

३. आमाबाबु बिहीन टुहुरा बालबालिका अभिभावकत्व कार्यक्रमका लागि रु. २ लाख बजेट विनियोजन गरेको छु।

४. विद्यालयका शिक्षक, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिकका लागि रु. ५६ लाख ४२ हजार बजेट विनियोजन गरेको छु।

५. विद्यालय तथा बालविकास केन्द्रलाई आवश्यकतामा आधारित शैक्षिक तथा भौतिक सुधार अनुदानका लागि रु.६ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

६. सर्वोत्कृष्ट नतिजा ल्याउने कक्षा ८, १० र १२ का सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई पुरस्कार ( १ छात्र र १ छात्रा), कक्षा ८, १० र १२ मा सर्वोत्कृष्ट सिकाइ उपलब्धि ल्याउने सामुदायिक विद्यालयहरुलाई पुरस्कार वितरण तथा शैक्षिक गुणस्तर मापदण्डका उत्कृष्ट विद्यालय,बालविकास केन्द्र, शिक्षक, कर्मचारी, अभिभावक र पदाधिकारीलाई सम्मान गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

७. अन्तर विद्यालय स्तरीय शैक्षिक भ्रमणका लागि रु. २ लाख बजेट व्यवस्था गरेको छु।

८. गाउँपालिकास्तरीय रुपमा संचालन हुने आधारभुत तहको परिक्षालाई यथार्थपरक बनाउन परिक्षा सञ्चालन तथा व्यवस्थापनको लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु।

९. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यक्रम लेखन, छपाई तथा वितरण गर्ने कार्यका लागि रु. १० लाख विनियोजन गरेको छु ।

१०. गाउँपालिकाभित्रका विद्यालयका विद्यार्थीहरुका अभिभावकलाई शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्नका लागि रु. २ लाख विनियोजन गरेको छु ।

११. गाउँपालिकाको समग्र शैक्षिक गतिविधि सञ्चालन तथा व्यवस्थापन गर्नका लागि रु. २२ लाख ९८ हजार विनियोजन गरेको छु ।

१२. नेपाल सरकार सर्शत तथा प्रदेश सरकारको सर्शत अनुदान मार्फत शिक्षा विकास तथा अन्य कार्य सञ्चालन हुने कार्यक्रमका लागि रु. १२ करोड ३८ लाख बजेट विनियोजिन गरेको छु ।

**स्वास्थ्यतर्फ**

१. स्वास्थ्य क्षेत्रको समग्र सुधारको लागि रु. ९८ लाख ६४ हजार बजेट विनियोजन गरेको छु ।

२. गाउँपालिकामा रहेका दीर्घ रोगीहरुलाई उपचारमा सहुलियत खर्च प्रदान गर्न रु. २ लाख बजेट विनियोजन गरको छु ।

३. गाउँपालिकाभित्रका एचआईभि संक्रमित व्यक्तिहरुको जीविकोपार्जन तथा जीवन निर्वाह भत्ताका लागि रु. १ लाख १० हजार बजेट विनियोजन गरेको छु ।

४. गाउँपालिकाभित्र रहेका स्वास्थ्य चौकीहरु तथा बर्थिङ सेन्टरहरुको व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५. निःशुल्क घुम्ती ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालनको लागि रु. १ लाख बजेट विनियोजन गरेको छु ।

६. स्वास्थ्य प्रवर्धनात्मक आयुर्वेदिक औषधी खरीद तथा योग शिविर सञ्चालनको लागि नागरिक आरोग्य सेवा केन्द्रका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

७. गाउँपालिकाभित्रका टुहुरा, अतिगरिब, अतिविपन्न, ज्येष्ठ नागरिक तथा एकल महिलासँग गाउँपालिका उपाध्यक्षसँग अभिभावकत्व कार्यक्रमका सञ्चालनका लागि रु. ४ लाख बजेटको विनियोजन गरेको छु ।

८. स्वास्थ्य चौकीहरुमा रहेको प्रयोगशालालाई व्यवस्थित बनाउन आवश्यक सामग्री खरीद गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

९. समय समयमा स्वास्थ्य संस्थाको मर्मत तथा विविध भैपरि आउने समस्या सम्वोधन गर्न रु.५ लाख बजेट विनियोजन गरेको छु ।

१०. गाउँपालिकामा निःशुल्क महाप्रस्थान यात्राका लागि शववाहन खरिद गर्नका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

११. बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि नेपाल सरकार सर्शत अनुदान र गाउँपालिकाको लागत साझेदारीसहित रु. १८ लाख बजेट विनियोजन गरेको छु ।

१२. गाउँपालिकामा स्वास्थ्य कार्यक्रम अन्तरगत नेपाल सरकारबाट सर्शत अनुदान मार्फत रु. ५ करोड १३ लाख बजेट विनियोजित गरेको छ ।

**उद्योगतर्फ, पर्यटन तथा धर्म सँस्कृति प्रवर्धनतर्फ**

१. गाउँपालिकामा लघु उद्यम सम्बन्धी कार्यक्रम संचालन गरी लघु उद्यमी सिर्जना गरी स्वरोजगार बन्नका लागि नेपाल सरकार सर्शत अनुदान मार्फत रु. १० लाख बजेट विनियोजिन गरेको छु ।

बहादुर कार्की

२. गाउँपालिकाबाट पनि घरेलु तथा साना उद्योग कार्यक्रमका लागि १ लाख बजेट विनियोजन गरेको छु ।

३. मटेला मन्दिर घेरबारका लागि रु. १ लाख, भुमिदेउली मन्दिर निर्माणका लागि रु. ७ लाख र निमुन्या देवताको देउघर निर्माणका लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु ।

४. गन्यापधुरा गाउँपालिकालाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । यस क्षेत्रकै पर्यटकीय क्षेत्रको सम्भावनाको रुपमा रहेको लाटा गन्याप क्षेत्रको संरक्षण र विकास तथा गन्यापतालको संरक्षण विकास तथा संवर्द्धनका लागि आवश्यक व्यवस्था गरेको छु ।

५. यस क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक क्षेत्रहरुको विकासका लागि धार्मिक तथा पर्यटन पूर्वाधार निर्माणतर्फ रु. १५ लाख बजेट विनियोजन गरेको छु ।

६. गन्यापधुरा गाउँपालिकाभित्र रहेका विभिन्न धार्मिक स्थल तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा मर्मतका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**<u>खानेपानी तथा सरसफाई</u>**

१. गाउँपालिका अन्तर्गतका विभिन्न खानेपानीहरुको संरचना निर्माण गर्नका लागि रु. ५ लाख बजेट विनियोजन गरको छु ।

२. पोखरा मेड्डी खानेपानी निर्माणका लागि रु. ३ लाख बजेट विनिइवजन गरको छु ।

३. बुर्केली खानेपानी मर्मतका लागि रु. १ लाख बजेट विनयोजन गरेको छु ।

४. सामुदायिक सिकाई केन्द्र शौचालय निर्माण कालागि रु. १ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

५. भात्काँडा खानेपानी योजना मर्मत सम्भार, साजीबाटा कोराल बृहत खानेपानी मर्मत, हमकडा बृहत खानेपानी योजना र साहूखर्क बृहत खानेपानी योजनाका लागि प्रदेश सरकार सर्शत कार्यक्रम मार्फत रु. ४० लाख बजेट विनियोजन गरेको छु ।

**<u>युवा तथा खेलकुदतर्फ</u>**

१. खेलकुदलाई अनुशासित र मर्यादित बनाई युवाहरुको खेलप्रतिको प्रतिभा प्रस्फुटन गराउन सञ्चालन हुने गाउँपालिका स्तरीय रनिङ सिल्ड प्रतियोगिताको व्यवस्थापनको लागि रु. १० लाख विनियोजन गरेको छु ।

२. गाउँपालिकामा विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न तथा अन्यत्र संचालन हुने खेलकुद प्रतियोगितामा खेलाडीहरुको सहभागीताको लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

३. गन्यापधुरा गाउँपालिकामा खेलकुदलाई सुरक्षित रुपमा सञ्चालन गर्नका लागि कबड्डी म्याट खरिद तथा अन्य खेलकुद सामग्री खरिदका लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु ।

**कानून न्याय, लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

१. लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धारका लागि लैङ्गिक हिंसा कोष मार्फत हिंसामा परेका व्यक्तिहरुको उद्धार गर्न कोषमा रु. १ लाख बजेट विनियोजन गरेको छु ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु सञ्चालन गर्न तथा दिव तथा मेला सहित महिला तथा लक्षित बर्ग कार्यक्रमका लागि रु. १३ लाख ८० हजार बजेट विनियोजन गरेको छु ।

गन्यापधुरा गाउँपालिका

बहादुर कार्की

३. न्यायिक समिति, मेलमिलाप केन्द्र तथा बुहसरोकारवाला द्वन्द्व रुपान्तरणका क्षेत्रमा कार्यरत व्यक्ति संघ संस्थालाई समेत सहभागिता गराई बहुसरोकारका क्षेत्रका विवाद, तथा सार्वजनिक चासोका सवालका विवादहरु समाधान गर्ने कार्य थप प्रभावकारी बनाउन क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न रु. ८ लाख विनियोजन गरेको छु।

४. समाजमा पछि परेका वर्गहरुको उत्थान र विकासका लागि क्षमता विकास तथा अन्य कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५. राष्ट्रिय मुक्त हलिया समाज महासँघसँगको सहकार्यमा हलिया तथा दलितहरुको क्षमता विकास तथा अन्य कार्यक्रमका लागि लागत साझेदारीमा कार्य गर्न रु. ५ लाख विनियोजन गरेको छु।

६. लक्षित वर्गका हरुका लागि विभिन्न कार्यक्रम सञ्चालन तथा अन्य कार्यका लागि रु. १ लाख बजेट विनियोजन गरको छु।

**आर्थिक विकास तर्फ**

१. गाउँपालिकाको समग्र कृषि क्षेत्रको प्रवर्धन र विकास गर्नका नेपाल सरकार विशेष अनुदान मार्फत रु. १ करोड ३६ लाख बजेट विनियोजन गरको छु।

२. राष्ट्रिय एकीकृत कृषि आधुनिकीकरण परियोजनमा लागत साझेदरीका लागि रु. ५ लाख बजेट विनियोजन गररेको छु।

३. तरकारीको मिनिकिट वितरणका लागि आवश्यक बजेट विनियोजन गरको छु।

४. कृषिमा आत्मनिर्भर बनाउन मौसमी तथा बेमौसमी तरकारी उत्पादनको लागि क्षमता विकास कार्यक्रमका साथै प्लाष्टिक पोखरी तथा टनेलहरु अनुदानमा वितरण गरिने व्यवस्था मिलाएको छु।

५. कृषिमा आधुनिक प्रविधिको प्रयोग बढाउन ५० प्रतिशत अनुदानमा हाते टेक्टर, सिडविन, थ्रेसर जस्ता कृषि उपकरण वितरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६. गाउँपालिकामा सञ्चालित कोल्ड स्टोर व्यवस्थापन तथा सञ्चालनका लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु।

७. कृषकहरुको आत्मसम्मानमा बृद्धि गर्ने उद्देश्यले उत्कृष्ट कृषकलाई सम्मान कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

८. बाली संरक्षण कार्यक्रम अन्तर्गत रोग किरा नियन्त्रण तथा वाली व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९. पशुपालनका क्षेत्रमा लक्षित समुदायलाई आकर्षिक गर्नका लागि जनजाति आय आर्जन कार्यक्रम अन्तर्गत बंगुर प्रवर्धन कार्यक्रमका लागि रु. ४ लाख बजेट विनियोजन गरको छु।

१०. पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत रेबिज खोप खरिद र औषधी खरीदको लागि रु. ९ लाख बजेट विनियोजन गरेको छु।

११. पशु आहारा व्यवस्थापन कार्यक्रमको घाँसको बिउ वितरणको लागि रु. २ लाख ५० हजार बजेट वनियोजन गरको छु।

१२. पशु विकास शाखा अन्तर्गतका समग्र कार्यक्रमहरुका लागि रु. २३ लाख बजेट विनियोजन गरेको छु।

१३. गाउँपालिका भित्र रहेको खेतीयोग्य जगगामा सिंचाई कुलो निर्माण तथा मर्मतका लागि रु. १८ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

गन्यापधुरा गाउँपालिका

बहादुर कार्की

१४. भूमि व्यवस्था तथा गरीबी निवारण कार्यक्रमका लागि रु. २ लाख बजेट विनियोजन गरेको छु ।

१५. गन्यापधुरा गाउँपालिका रहेका बेरोजगार व्यक्तिहरुलाई कम्तिमा १०० दिनको रोजगारी सिर्जना गर्न राष्ट्रिय रोजगार कार्यक्रमका लागि सङ्घीय सरकारको सर्शत अनुदान मार्फत रु. ३१ लाख बजेट विनियोजन गरेको छु भने साझेदारीका लागि रु. २५ लाख विनियोजन गरको छु ।

**भौतिक पूर्वाधारतर्फ**

१. गन्यापधुरा गाउँपालिकाको राष्ट्रिय राजमार्गसँग जोड्ने सबैभन्दा छोटो सडक रडुवा कलारीमाडौं गणेशपुर सडक स्तरोन्नतिका लागि प्रदेश सरकारको समपूरक अनुदान र गाउँपालिकाको समपूरक अनुदान साझेदारीका लागि रु. ७५ लाख बजेट विनियोजन गरको छु ।

२. गाउँपालिका भित्र नयाँ सडक निर्माण र पुराना सडकहरुको स्तरोन्नतीको र मर्मतका लागि रु. ३९ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

३. गाउँपालिका भित्र रहेका सडकहरु बाहै महिना निर्वाध रुपमा सञ्चालन गर्नको लागि सडक सरसफाई तथा मर्मत शीर्षकमा रु. ४० लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

४. विगत लामो समयदेखि अवरुद्ध रहेको भात्काँडा पारिखेत सडक सुचारु गर्न भट्टेपड सडकमा पर्खाल निर्माणका लागि रु. १२ लाख बजेट विनियोजन गरको छु ।

५. गाउँपालिकामा सङ्घीय सरकारका कार्यालयहरु तथा प्रदेश सरकार मातहतका कार्यालयहरु र विकास साझेदार संस्थाहरुसँगको लागत साझेदारीमा निर्माण गरिने विकास आयोजना तथा कार्यक्रमहरुका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

**भवन निर्माण तथा आवासतर्फ**

१. संघीय सरकार र गाउँपालिकाको लागत साझेदारीमा निर्माण हुन लागेको गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि रु.१ करोड २० लाख बजेट विनियोजन गरेको छु ।

२. गन्यापधुरा गाउँपालिकामा निर्माण भइरहेको १० शैया आधारभुत अस्पतालको लागत साझेदारीका लागि रु. १ करोड २० लाख बजेट विनियोजन गरको छु ।

३. नेपाल सकारको र गाउँपालिकाको लागत साझेदारीमा ४ नं वडा कार्यालयको प्रशासकीय भवन निर्माण गर्नका लागि समपुरक कोषका लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु ।

४. वडा नं ५ को कार्यालय भवन मर्मतका लागि रु. ५ लाख बजेट विनियोजन गरको छु ।

५. छाडा गाइगोरुको लागि व्यवस्थापनको लागि टहरा निर्माण गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

६. विद्यालयतर्फ भवन निर्माण तथा अन्य सार्वजनिक निर्माण लगायतका कार्यका लागि रु. ५ लाख विनियोजन गरेको छु ।

**वन, वातावरण र विपद व्यवस्थापनतर्फ**

१. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षणको लागि वन तथा वातावरणतर्फ रु. ३ लाख बजेट विनियोजन गरेको छु ।

२. भू-क्षय नियन्त्रण तथा नदी कटान नियन्त्रणका लागि आवश्यक जोखिम स्थानहरुमा तटवन्ध तथा बाँध निर्माणको लागि रु. ५ लाख विनियोजन गरेको छु ।

...बहादुर कार्की

३. विपद् जोखिमका लागि विपद् व्यवस्थापन कोष मार्फत विपद्मा परेकाहरुलाई राहत तथा उद्दार कार्यमा स्रोतको प्रभावकारी परिचालन गर्न र विपद् प्राधिकरणको सहकार्यमा विपद्बाट क्षति भएका घरहरुको पुनर्निर्माणमा लागत साझेदारी लगायतका कार्य गर्न विपद् व्यवस्थापन कोषमा रु. १५ लाख विनियोजन गरेको छ ।
४. नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको लागत साझेदारीका लागि रु. २५ लाख बजेट विनियोजन गरेको छ ।

**<u>सुशासन तथा संस्थागत विकासतर्फ</u>**

१. गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माणका लागि रु. १५ लाख बजेट विनियोजन गरेको छ ।
२. सूचना तथा सफ्टवेयर जडान र ईहाजिरी जडान समेतका लागि रु. ९ लाख बजेट विनयोजन गरको छ ।
३. गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रविधिमैत्री बनाउनका लागि आवश्यक रकम विनियोजन गरेको छ ।
४. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रवाहको लागि तालिम लगायतका कार्यक्रमका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छ ।
५. सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी कार्यक्रमका लागि रु. ११ लाख बजेट विनियोजन गरेको छ ।
६. टोल विकास संस्थाका पदाधिकारी र कर्मचारीहरुको क्षमता विकासका लागि रु. ५ लाख बजेट विनियोजन गरको छ ।
४. गाउँपालिकाको समग्र विकास तथा सुशासन कार्य गरी सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनका लागि कर्मचारीहरुलाई उत्प्रेरित तथा प्रोत्साहन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।
५. गाउँपालिकालाई प्रविधिमैत्री बनाउन सूचना तथा सफ्टवेयर जडान तथा सञ्चालन गर्ने कार्यका लागि रु. १० लाख बजेट विनियोजन गरेको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष आ. व. २०८२।०८३ को बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्दछु । आ.व. २०८२।०८३ मा यस गाउँपालिकालाई तपसिल बमोजिमको आय रकम प्राप्त हुने अनुमान गरिएको छ ।

| सि.नं. | शीर्षक | अनुमानित रकम रु. |
|---|---|---|
| १ | संघ सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान | ७९१००००० |
| २ | संघ सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडको रकम | ८०७००००० |
| ३ | संघ सरकारबाट प्राप्त हुने सशर्त अनुदान चालु | १६१६००००० |
| ४ | संघ सरकारबाट प्राप्त हुने सशर्त अनुदान पुँजीगत | ३७९००००० |
| ५ | संघ सरकारबाट प्राप्त हुने विशेष अनुदान पुँजीगत | ० |
| ६ | संघ सरकारबाट प्राप्त हुने विशेष अनुदान चालु | १३६००००० |
| ७ | संघ सरकारबाट प्राप्त हुने समपुरक अनुदान पुँजीगत | ५८००००० |
| ८ | प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान | ६७४९००० |

गन्यापधुरा गाउँपालि...

...बहादुर कार्की

| | | |
|---|---|---|
| ९ | प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन कर रकम | २५६९००० |
| १० | प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान चालु | ० |
| ११ | प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान पुँजीगत | २४५००००० |
| १२ | प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान चालु | २५००००० |
| १३ | प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान पुँजीगत | ५०००००० |
| १४ | प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान पुँजीगत | ५०००००० |
| १५ | गाउँपालिकाको आन्तरिक आय | ५३००००० |
| १६ | राजस्व बाँडफाँड स्थानीय सरकार | २००००० |
| | गाउँपालिकाको संचित कोषमा मौज्दाद रकम | १६९३२७३८ |
| | **कुल जम्मा** | ४४७४५०७३८ |

यसरी गाउँपालिकाको आर्थिक वर्ष आ. व. २०८२।०८३ को कुल बजेट **रु. ४४,७४,५०,७३८। (अक्षेरेपी चौवालिस करोड चौहत्तर लाख पचास हजार सात सय अठतिस मात्र)** हुन आउँछ। गाउँपालिकाको कुल बजेट मध्ये चालुतर्फ **रु. २७,८७,०२,६३८।- (अक्षेरेपी सत्ताइस करोड सतासी लाख दुई हजार छ सय अठतीस मात्र)** र पूँजीगत तर्फ **रु. १६,८७,४८,१००।- (अक्षेरेपी सोह्र करोड सतासी लाख अठ्चालिस हजार एक सय मात्र)** विनियोजन गरिएको छ । गाउँपालिकाका पदाधिकारीहरुको सुविधा, कर्मचारीहरुको तलब भत्ता, अन्य प्रशासनिक खर्च, क्षमता विकासका कार्यक्रमहरु, सर्शत अनुदान तर्फका कार्यक्रम समेत समावेश गर्दा चालु खर्चको अंश केही बढी देखिन गएको हो ।

**आदरणीय अध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८२/०८३ को आय-व्ययको पूर्ण विवरण अनुसूचीमा छुट्टै उल्लेख गरेको छु ।

मैले माथि प्रस्तुत गरेको बजेटको सफल कार्यान्वयनबाट गाउँपालिकामा उपलव्ध श्रोत र साधनको उच्चतम उपयोगबाट नागरिकको जिवनस्तरमा सुधार भई सुखी र समृद्ध गाउँपालिका निर्माणको अभियानमा सहयोग पुग्नुको साथै सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता एवं गुणस्तरमा अभिबृद्धि भई सुशासनको प्रत्याभुति हुने विश्वास लिएको छु ।

प्रस्तुत बजेट निर्माणका लागि सहयोग गर्ने बजेट तथा योजना तर्जुमा समिति तथा बजेट निर्माणमा मार्गदर्शन गर्नु हुने गाउँपालिका अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिका तथा गाउँसभा सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, शिक्षक, बुद्धिजिवी, समाजसेवी, पत्रकार, गाउँपालिकाका कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरुमा गाउँपालिकाको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दै बजेट कार्यान्वयनमा सबैको सकारात्मक सहयोगको अपेक्षा राख्दै सुखी, समृद्ध र समुन्नत गाउँपालिका निर्माणको महान यात्रामा हातेमालो गर्दै सहभागी हुन आव्हान गर्दछु ।

**धन्यवाद !!!**

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोगाउ, डडेल्धुरा
... बहादुर कार्की